KEMENTERIAN SUMBER MANUSIA

PERKESO

# विदेशी श्रमिकहरूलाई सामाजिक सुरक्षा संरक्षण।



## विदेशी श्रमिकहरूलाई रोजगार दुर्घटना सम्बन्धि योजना ।



यो योजनाले विदेशी श्रमिकहरूलाई कार्यस्थलमा हुने दुर्घटना वा कामसँग सम्बन्धित व्यवसायजन्य रोग लागेमा सुरक्षा प्रदान गर्दछ।

मलेसियाको सामाजिक सुरक्षा ऐन १९६९ अनतर्गतको "विदेशी श्रमिक रोजगार दुर्घटना सम्बन्धि योजनाको" सुविधा प्राप्त गर्न मलेसियन रोजगारदाताहरुले विदेशी श्रमिकहरुलाई मलेसियाको सामाजिक सुरक्षा संस्थामा (पर्केसो) अनिवार्य रूपमा दर्ता गर्नुपर्नेछ। यो नियम सन् २०१९ जनवरी १ देखि कार्यान्वयनमा आएको हो।

### योगदान

श्रमिकले मासिक रुपमा पाउने रकमको १.२५% ले हुन आउने रकम रोजगारदाताले आफ्नै खर्चबाट मासिक रुपमा भुक्तानी गर्नुपर्छ।

### योग्यता

- अनिवार्य रूपमा वैधानिक राहदानी हुनुपर्ने।
- अनिवार्य रूपमा मलेसियामा काम गर्ने अद्यावधिक स्वीकृति (भिषा वा पास) हुनुपर्ने (जस्तै: अस्थायी रोजगार अनुमति (PLKS), रोजगार अनुमति, स्पेशल पास आदि ) ।

### दर्ता प्रक्रिया

- अनलाईन दर्ता (PERKESO ASSIST पोर्टल मार्फत) गर्नुपर्ने ।
- पर्केसो कार्यालयहरु मार्फत समेत विदेशी श्रमिकहरुको दर्ता फारम पेश गर्न सकिने ।

## योजनाका सुविधाहरु:

१. औषधि उपचार ।
२. बिरामी हेरचाह भत्ता ।
३. अस्थायी अशक्तता सुविधा ।
४. आश्रित परिवारलाइ दिइने सुविधा ।
५. पुनर्स्थापना सुविधा ।
६. स्थायी अशक्तता सुविधा ।
७. मृत्यु भएमा अन्त्येष्टि खर्च सुविधा* ।



*कार्यस्थल वा कार्य समयभन्दा बाहिर कुनै कारणवस श्रमिकको मृत्यु भएमा शव अन्त्येष्टिका लागि स्वदेश पठाउन लाग्ने खर्चमध्ये पेश गरिएको आधिकारिक रसिदको आधारमा बढीमा ४,५०० मलेसियन रिंगिट सोधभर्ना गरिनेछ।

थप जानकारीको लागि, कृपया PERKESO Care line लाई सम्पर्क गर्नुहोस् ।

Telephone: 1-300-22-8000

Email: perkeso@perkeso.gov.my